नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**जिल्ला समन्वय समिति**
**महोत्तरी, जलेश्वर**

मिति : २०८१/१२/१३ गते ।

**प्रेस विज्ञप्ति**

**विषय : जिल्लामा संचालित विकास आयोजना र सुशासन सम्बन्धमा ।**

जिल्ला समन्वय समिति, महोत्तरी जिल्लावासीको सर्वोपरि हितलाई ध्यानमा राखी प्रचलित कानुन र न्यायको पक्षमा कार्य सम्पादन गर्दै आएको व्यहोरा सर्वविदितै छ । जिल्लाभित्र संचालित सरकारी तथा गैरसरकारी विकास कार्यक्रमहरुबाट लक्षित प्रतिफल प्राप्त हुने गरी प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्नु अहिलेको आवश्यक्ता हो । खर्चको मितव्ययिता, आर्थिक सुशासन र रुपान्तरणकारी आयोजनाबाट मात्र सार्वजनिक खर्चको नतिजा प्राप्त भई जिल्लाको विकास निर्माणले गति लिने र विकासको लाभ जनस्तरमा पुग्न सक्दछ । यसका लागि सबै सरकारी निकाय, नागरिक समाज, जनप्रतिनिधि र आम उपभोक्ता सबैमा साझा जिम्मेवारी रहेको छ ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम सार्वजनिक निकायले उपभोक्ता समिति मार्फत खरिद गर्ने कार्यविधि उल्लेख छ । स्थानीय तहबाट उपभोक्ता समितिमार्फत संचालित यस्ता आयोजनाहरुको प्रभावकारी अनुगमन गरी गुणस्तर सुनिश्चित गर्ने कार्य सम्बन्धित निकायको हो ।

तीनै तहका सरकारको उपभोक्ता समितिबाट संचालन हुने विकास निर्माणको कार्यहरु सम्बन्धमा पालिकाहरुलाई स्विकृत आयोजना कार्यान्वयन गर्न सम्बन्धित निकायको पत्र प्राप्त भएमा उपभोक्ता समिति गठनका लागि ७ दिनको सूचना प्रकाशन गर्ने, आयोजना स्थलमा सेवा उपयोग गर्ने वास्तविक उपभोक्ताहरुको भेला गर्ने, आयोजनाको विस्तृत विवरण, उपभोक्ता समितिको लागत जनसहभागिता अंशको लगानी यकिन गरी विधिवत समितिको पदाधिकारी गठन गर्ने र उक्त छलफलको फोटो समेतको अभिलेख राखी सम्पूर्ण विवरणहरु संलग्न गरी सम्बन्धित निकायलाई जानकारी पठाउने लगायतका कार्यमा समेत कतिपय स्थानमा विचौलिया संलग्न रहेको बुझिन आएको छ । तसर्थ उपभोक्ता समिति गठनदेखि भेलासम्मका फोटो सहितको सम्पूर्ण विवरण सबै निकायले जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरीमा पठाइ अनुगमन कार्यमा सहयोगको लागि अनुरोध छ ।

उपभोक्ता समितिबाट संचालित आयोजनाहरु सार्वजनिक खरिद ऐनको प्रावधानहरुको अनुकुल हुनेगरी संचालन नगर्ने, निर्माणका लागि गुणस्तरीय निर्माण सामग्री प्रयोग नगर्ने, आयोजनास्थलमा सुचना पाटी नराख्ने, निर्माण कार्यमा कानुनविपरित हेभी इक्युपमेन्टको प्रयोग गर्ने र प्रतिस्पर्धा मार्फत ठेक्का लगाइ कार्य सम्पन्न गर्नुपर्ने आयोजनाहरुलाई नियतवश प्रतिस्पर्धाबेगर उपभोक्ता समितिबाट कार्य सम्पन्न भएको देखाउने तर उपभोक्ता समितिले पुनः निर्माण व्यवसायीलाई ठेक्कामा दिने समेत कार्य भएको बुझिन आएको छ । कानुनले तोकेको जिम्मेवारी र जवाफदेहिता पालन नगरी राज्यका सम्पत्तिको हानी नोक्सानी लगायतका विषयमा जिल्ला समन्वय समितिमा सूचना प्राप्त भएमा वा अनुगमन गर्दा कैफियत देखिएमा सम्बन्धित निकाय र पदाधिकारी जवाफदेही हुने व्यवस्था छ ।

तसर्थ सार्वजनिक खर्चको उचित प्रतिफल प्राप्त गर्ने र गुणस्तरीय नतिजा हासिल गर्ने सार्वजनिक खरिद नियमावली को नियम ९७ को उपनियम १०,११,१२ र १३ (क) को पूर्ण पालना भए नभएको यकिन गर्ने दायित्व र जवाफदेहिता सम्बन्धित निकायकै हुनेहुँदा उपभोक्ता समितिको नामबाट हुने यस्ता विकृत अभ्यासहरु रोक्न तथा जटिल प्रकृतिका प्राविधिक ज्ञान र विशेष प्रविधि अपनाउनुपर्ने आयोजना कार्यान्वयन उपभोक्ता समितिबाट नहुने भएकोले यस्ता कार्य उपभोक्ता समिति बाट नगर्न नगराउन अनुरोध छ ।

धन्यवाद ।

सुमन कुमार लाल कर्ण
जि.स.स.प्रमुख



CamScanner